प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
सामाजिक विकास डिभिजन कार्यालय
तानसेन, पाल्पा

फोन नः ०७५-५९००२०
ईमेलः sddopalpa@gmail.com
Web site: sddopalpa.lumbini.gov.np

प.सं. ०७८/७९
च.नं.

मितिः २०७८।१२।१५

श्री सम्पूर्ण स्थानीय तह, पाल्पा र गुल्मी।
श्री सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालय, पाल्पा र गुल्मी।

<u>विषयः विद्यार्थी स्टेम च्यालेन्ज प्रतियोगिताका लागि नाम दर्ता गर्ने सम्बन्धी सूचना ।</u>

प्रस्तुत विषयमा यस आर्थिक वर्षमा यस कार्यालयलाई प्राप्त स्वीकृत कार्यक्रम अन्तर्गत जिल्ला स्तरीय **विद्यार्थी स्टेम च्यालेन्ज प्रतियोगिता** संचालन गर्नु पर्ने भएकोले पाल्पा र गुल्मी जिल्लाका सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालयमा कक्षा ( ९-१२ ) मा अध्ययनरत विद्यार्थीहरुलाई निम्नानुसारको परिधि भित्र रही विद्यार्थीको रुचिको विषय क्षेत्रमा रचनात्मक र नवप्रर्वतनात्मक परियोजना (Project ) तपसिल अनुसारका मापढण्ड पालना गरि तयार गर्न लगाई उक्त प्रतियोगितामा सहभागि गराईदिनु हुन अनुरोध छ।

**तपसिलः**

१. विद्यार्थी स्टेम च्यालेन्ज प्रतियोगितामा सहभागि हुन चाहने विद्यार्थीहरुले विद्यालयको पत्र मार्फत आफ्नो नाम, ठेगाना, कक्षा लगायतको विवरण ( मोवाईल नं. समेत ) सामाजिक विकास डिभिजन कार्यालय तानसेन, पाल्पामा मिति २०७८।१२।१५ देखि २०७८।१२।२५ गते कार्यालय समयभित्र दर्ता गराईसक्नु पर्नेछ । दर्ता प्रक्रियाका लागि यस कार्यालयमा उपस्थित भएर वा कार्यालयको इमेल ठेगाना **sddopalpa@gmail.com** मा पठाएर पनि दर्ता गर्न सक्नुहुनेछ ।

२. परियोजना निम्न क्षेत्र सँग सम्बन्धित हुनु पर्नेछ ।
   क) औधोगिक उत्पादन तथा उत्पादकत्व वृद्धि,
   ख) कृषिको व्यवसायीकरण तथा आधुनिकरण र उद्यमशिलता,
   ग) दिगो पूर्वाधार विकास ( आवास, खानेपानी, पर्यटन र हरित उर्जा ),
   घ) जैविक तथा वहुमुल्य खनिज स्रोतको दिगो उपयोग,
   ङ) वातावरण, जलवायु परिवर्तन र विपद् जोखिम न्युनिकरण,
   च) सुशासन र सेवा प्रवाह साइवर तथा राष्ट्रिय सुरक्षा,
   छ) परम्परागत प्रविधिको आधुनिकरण र रुपान्तरण,
   ज) विज्ञान, प्रविधि, शिक्षा, स्वास्थ्य, वन लगायतका क्षेत्रको सहजीकरण
   झ) सूचना प्रविधि, रोवोटिक्स, आर्टिफिसियल इन्टेलिजेन्स लगायतका आधुनिक प्रविधिको प्रयोग लगायतका मानव हितका आवश्यक क्षेत्र सँग सम्बन्धित

हरिलाल अर्याल
कार्यालय प्रमुख

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

तानसेन, पाल्पा

फोन नः ०७५-५९००२०
ईमेलः sddopalpa@gmail.com
Web site: sddopalpa.lumbini.gov.np

प.सं. ०७८/७९
च.नं.

नोटः स्टेम च्यालेन्ज प्रतियोगितामा प्रस्तुत गरिने परियोजना गणित र विज्ञान विषयका क्रियाकलाप अन्तर्गत सैद्धान्तिक र प्रयोगात्मक ज्ञानका आधारमा निर्माण गरिने परियोजना जस्तै बेलुनको रकेट बनाउने कागज वा भौतिक वस्तु द्वारा विभिन्न किसिमका ज्यामितिय आकारका सामग्रीहरु निर्माण गर्ने सरल यन्त्र तथा सम्बन्धित उपकरणहरुको निर्माण गर्ने रासायनिक प्रतिक्रियाहरु साथै परम्परागत प्रविधिलाई आधुनिकिकरण गर्ने जस्ता क्रियाकलाप गर्न सकिनेछ।

३. विद्यार्थीद्वारा निर्मीत परियोजनाहरु नविन तथा मौलिक प्रकृतिका हुनु पर्नेछ कसैको परियोजना हुबहु नक्कल गरेको पाईएमा मान्यता दिईने छैन।

४. आफ्नो परियोजना पुर्व प्रयोगमा आईसकेका तथा अरुको नाममा पेटेन्ट अधिकार कायम भएका परियोजना प्रयोग नगरेको विद्यार्थी तथा स्वयमले सहभागिताका लागि दर्ता गर्ने पत्र मार्फत स्व घोषणा समेत गरेको हुनुपर्दछ।

५. स्टेम च्यालेन्ज प्रतियोगिताका परियोजनाहरु पाठ्यक्रममा निर्देशित तथा अन्य अनुसन्धानात्मक क्रियाकलापहरुमा आधारित परियोजना प्रस्तुतिमा नयाँ प्रविधिजन्य हुनुका साथै नयाँ प्रतिफल योग्य हुनुपर्नेछ।

६. विद्यार्थीहरुबाट निर्मित परियोजनाहरुमा प्रयोग भएका विधि पद्धति र प्रविधिबाट मानवमा हुने तत्कालिन र दिर्घकालिन लाभ तथा त्यसबाट प्राप्तहुने प्रतिफलले देश विकासमा पुर्याउने टेवाका वारेमा जानकारी योग्य हुनु पर्नेछ।

७. परियोजनाको मुल्याङ्कनका लागि सम्बन्धित क्षेत्रका विज्ञ सम्मिलित परियोजना मुल्याङ्कन समिति गठन गरिएको हुनेछ र उक्त प्रतियोगिताको मुल्याङ्कनका आधार तथा मापदण्डहरु मुल्याङ्कन समितिको सहभागितामा निर्माण गरिनेछ।

८. स्टेम च्यालेन्ज प्रतियोगिता पाल्पा जिल्लाको लागि रामतुलसी माध्यमिक विद्यालय रामपुर नगरपालिका - ५ रामपुर पाल्पामा र गुल्मी जिल्लाको लागि सिद्धबाबा माध्यमिक विद्यालय रेसुङ्गा नगरपालिका - ८ तम्घासमा संचालन हुनेछ।

९. सहभागी विद्यार्थी भौतिक रुपमानै उपस्थित भई आफ्नो परियोजनाको विश्लेषण गर्नुपर्नेछ।

१०. प्रतियोगिता संचालन हुने मिति प्रतियोगितामा सहभागि हुनेहरुको नाम दर्ता म्याद सकिए पश्चात सुचना प्रकाशन गरिनेछ।

११. प्रतियोगितामा प्रथम, द्वितीय तृतिय र सान्त्वना स्थान हाँसिल गर्ने प्रतियोगिले क्रमशः रु २००००।-, १५०००।-, १००००।-, र ५०००। साथै प्रमाणपत्र प्राप्त गर्नेछन।

१२. थप केहि जिज्ञासा भएमा कार्यालयको सम्पर्क नम्बरः ०७५-५९००२०, ९८५७०७७६२०, ९८४७५३२९३६ मा सम्पर्क गर्न सक्नुहुनेछ।

..........................
हरिलाल अर्याल
(कार्यालय प्रमुख)